कार्यपालिका बैठक
मिति २०८२/११/२९
संख्या: ८-२०८२/०८३

आज मिति २०८२ साल फागुन २९ गते शुक्रबारका दिन बिहान ८:०० बजे हरिहरपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको आठौ बैठक गाउँपालिका अध्यक्ष श्री बज्रध्वज वाईवाज्यूको अध्यक्षतामा वसी तपसिलमा उल्लेखित प्रस्तावहरु माथी छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री वज्रध्वज वाईवा | अध्यक्ष |
| श्री चेख वहादुर थिङ | उपाध्यक्ष |
| श्री जित वहादुर थिङ | वडा अध्यक्ष |
| श्री विश्व राई | वडा अध्यक्ष |
| श्री कुल वहादुर भोलन | वडा अध्यक्ष |
| श्री कमल कुमार राई | वडा अध्यक्ष |
| श्री साईला लामा | वडा अध्यक्ष |
| श्री यक वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री विच वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री धन वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री सन्तली राई दनुवार | कार्यपालिका सदस्य |
| श्री मोहनकाजी विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री छलिमाया मुक्तान | कार्यपालिका सदस्य |
| श्री दुर्गामाया विक | कार्यपालिका सदस्य |
| श्री सोमीमाया रानामगर | कार्यपालिका सदस्य |
| श्री दिल कुमारी कामी | कार्यपालिका सदस्य |
| श्री सन्तोष सुवेदी(प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

सहयोगी

| | |
|---|---|
| श्री किरण राई | अधिकृत छैठौं |

कार्यपालिका बैठक
मिति २०८२/११/२९
संख्या: ८-२०८२/०८३

**प्रस्तावहरु:**

१. प्रदेश समपूरक योजना माग सम्बन्धमा ।

२. प्रदेश विशेष योजना माग सम्बन्धमा।

३. लघु उद्यम विकास कार्यक्रमको बजेट बाँडफाँड तथा कार्यक्षेत्र निर्धारण सम्बन्धमा।

४. गोठ सुधारका लागि अनुदान रकम उपलब्ध गराउने सम्बन्धमा ।

५. राष्ट्रिय रोजगार कार्यक्रम स्वीकृत सम्बन्धमा।

६. कार्यविधि पारित सम्बन्धमा।

७. आ.व. २०८२/०८३ को लागि पाईप खरिद सम्बन्धमा।

८. सामुदायिक विद्यालयमा सेनिटरी प्याड व्यवस्थापन सम्बन्धमा ।

९. विद्यालयमा ईन्टरनेट व्यवस्थापन सम्बन्धमा।

१०. विविध।

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा, प्रदेश समपुरक अनुदान अन्तर्गत प्राप्त हुने योजनाको लागि तपशिलमा उल्लेखित योजना हरिहरपुरगढी गाउँपालिकाको महत्वपूर्ण योजना भएकोले उक्त योजना आ.व. २०८३/०८४ मा कार्यान्वयनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश समक्ष माग गर्ने निर्णय गरियो।

तपसिल

| क्र. सं. | योजनाको नाम | जम्मा लागत | प्रदेश सरकारवाट व्यहोर्ने रु. (७०%) | गाउँपालिकाले व्यहोर्ने रु. (३०%) | कैफियत |
|---|---|---|---|---|---|
| १ | तिनकुना ताप्केडाँडा लिम्बुटार जाने सडक | १,९४,४५,०२८।४१ | १,३६,११,५१९।८९ | ५८,३३,५०८।५२ | १ वर्षको लागि |
| २ | धनमना कुशदमार सडक | १,९८,४४,३७४।३९ | १,३८,९१,०६२।०७ | ५९,५३,३१२।३२ | १ वर्षको लागि |
| ३ | पान्तले जोरसिमल सडक | १,९७,९६,४८९।८६ | १,३८,५७,५४२।९० | ५९,३८,९४६।९६ | १ वर्षको लागि |

कार्यपालिका बैठक
मिति २०८२/११/२९
संख्या: ८-२०८२/०८३

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा, आ.व. २०८३/०८४ को प्रदेश विशेष अनुदान अन्तर्गत प्राप्त हुने योजनाको लागि तपशिलमा उल्लेखित योजनाहरु आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश समक्ष पेश गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | योजनाको नाम | जम्मा लागत | प्रदेश सरकारबाट व्यहोर्ने रु. |
|---|---|---|---|
| १ | हरिहरपुरगढी गाउँपालिका वडा नं. ७ का खानेपानी योजनाहरु निर्माण | ९९,४५,४७३।१२ | ९९,४५,४७३।१२ |
| २ | डिजिटल शिक्षा र पुस्तकालय सम्बन्धी कार्यक्रम | १,००,००,०००।- | १,००,००,०००।- |
| ३ | विपद् जोखिम न्यूनिकरणको लागि सामाग्री खरिद | ९०,००,०००।- | ९०,००,०००।- |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालनको लागि संघिय सरकार बाट प्राप्त शसर्त अनुदान रकम रु. ३,३६,०००/- (तीन लाख छत्तिस हजार) लाई गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को अनुसूची ३ मा उल्लेखित दायरा भित्र रही स्थानीय तह आफैले वजेट बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्ने व्यवस्था रहे वमोजिम कार्यक्रम सञ्चालनको लागि तपशिल अनुसार वजेट बाँडफाँड गर्ने निर्णय गरियो।

तपशिलः

| क्र.स. | क्रियाकलापहरु | वजेट रु. | वजेट प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | उद्यम विकासका लागि सामाजिक परिचालन | १०,०८०/- | ३ % | |
| २ | उद्यमशिलता विकास तालिम | ४३,६८०/- | १३ % | |
| ३ | प्राविधिक सिप विकास तालिम | १५१,२००/- | ४५ % | |
| ४ | प्रविधि हस्तान्तरण | ९७,४४०/- | २९ % | |
| ५ | वित्तिय सेवामा पहुँच | १०,०८०/- | ३ % | |
| ६ | बजारीकरणमा सहयोग | २३,५२०/- | ७ % | |
| | कुल जम्मा | ३,३६,०००/- | १०० % | |

यस आर्थिक वर्षमा यस गाउँपालिका अन्तर्गत वडा नं. १ लाई लक्षित गरि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक क्रियाकलापहरु अगाडी बढाउने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा, यस हरिहरपुरगढी गाउँपालिका भित्र दुध तथा दुग्धजन्य पदार्थको उत्पादन वृद्धिका लागि स्थानीय पशुपालक कृषकहरुलाई गोठ सुधार गर्न यस आर्थिक वर्षमा ५०

(पचास) जना कृषकहरुलाई प्रतिव्यक्ति रु. १४,०००/- (चौध हजार) को दरले अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा, राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रमको आ.व. २०८२/०८३ मा संचालन हुने तपसिल योजनाहरु तपसिल बमोजिम संशोधन गर्ने निर्णय गरियो।

तपसिल

| वडा नं | योजनाको नाम भएको | बजेट भएको | योजनाको नाम हुनु पर्ने | बजेट हुनु पर्ने | कैफियत |
|---|---|---|---|---|---|
| १ | १. सुकजंग देखि आकाशेडाँडा गोरेटो बाटो मर्मत तथा टेडभिर खानेपानी मर्मत | ४,९९,४००/- | सुकजंग देखि आकाशेडाँडा गोरेटो बाटो मर्मत तथा टेडभिर खानेपानी मर्मत | ४,५२,४००/- | |
| | २. जितपुर धारापाखा गोरेटो बाटो मर्मत | ३,३०,०००/- | जितपुर धारापाखा गोरेटो बाटो मर्मत | ३,७७,०००/- | |
| २ | १. बन्चरे सडक, बखफर सडक, जखौली वाल, वि. क. टोल साझेदारी | ८,२९,४००/- | बन्चरे सडक, बखफर सडक, जखौली वाल, वि. क. टोल साझेदारी | ८,२९,४००/- | |
| | २. रतनपुर जाली, कुलो सरसफाई, बार्ना खोल्सी साझेदारी | ५,२७,८००/- | रतनपुर जाली, कुलो सरसफाई, बार्ना खोल्सी साझेदारी | ५,२७,८००/- | |
| | ३. श्रीपुर कुलो,चौरीटोल सडक, चैनपुर कुलो निर्माण | ४,५२,४००/- | श्रीपुर कुलो,चौरीटोल सडक, चैनपुर कुलो निर्माण | ४,५२,४००/- | |
| ३ | १. माथिल्लो सोकन दुधौली खोल्सी कल्भड-साझेदारी | १,५०,०००/- | पानस खोल्सी पाखिन संरक्षण | १,५०,०००/- | |
| | २. लामा डाँडा हुदै त्रिपासा सम्म गोरेटो बाटो निर्माण | १,००,०००/- | लामा डाँडा हुदै त्रिपासा सम्म गोरेटो बाटो निर्माण | १,५०,०००/- | |
| | ३. राजकुमार राईटोल सडक घण्टे | १,००,०००/- | - | ०/- | |
| | ४. घण्टे माडी तमोरखोला सिचाई | २,५३,२००/- | घण्टे माडी तमोरखोला सिचाई | ३,०३,२००/- | |
| ४ | १. झ्याडी फाँट सिंचाई कुलो मर्मत | ५,२७,८००/- | झ्याडी फाँट सिंचाई कुलो मर्मत | ५,२७,८००/- | |
| ५ | १. बाघखोर धनमना गल्छी डोटे बयरघारी लाटिखोला सडक | ४,१४,७००/- | बाघखोर धनमना गल्छी डोटे बयरघारी लाटिखोला सडक | ४,५२,४००/- | |
| | २. मिलनचोक पान्तले जोरसिमल तामाजोर | ४,१४,७००/- | मिलनचोक पान्तले जोरसिमल तामाजोर सिरान | ३,७७,०००/- | |

कार्यपालिका बैठक
मिति २०८२/११/२९
संख्या: ८-२०८२/०८३

| वडा नं | योजनाको नाम भएको | बजेट भएको | योजनाको नाम हुनु पर्ने | बजेट हुनु पर्ने | कैफियत |
|---|---|---|---|---|---|
| | सिरान सम्म सडक | | सम्म सडक | | |
| ६ | १. कौवाखोला पर्ता ठुलोकौवा सडक स्तरोन्नती | ७,५४,०००/- | कौवाखोला पर्ता ठुलोकौवा सडक स्तरोन्नती | ७,५४,०००/- | |
| ७ | १. भुताहा देखि अधेरी जोड्ने सडक स्तरोन्नती | २,२६,२००/- | भुताहा देखि अधेरी जोड्ने सडक स्तरोन्नती | २,२६,२००/- | |
| ८ | १. बाहुन डाँडा कालिखोला सडक ढलान | ५,००,०००/- | कालिखोला सडक स्तरोन्नती | ५,२७,८००/- | |
| | २. तल्लो पन्तले धारा जाने बाटो तथा खेलमैदान जाने सडक स्तरोन्नती | २,५४,०००/- | तल्लो पन्तले धारा जाने बाटो तथा खेलमैदान जाने सडक स्तरोन्नती | २,२६,२००/- | |
| | जम्मा | ६३,३३,६००/- | | ६३,३३,६००/- | |

६. **प्रस्ताव नं. ६ माथि छलफल गर्दा,** यस हरिहरपुरगढी गाउँपालिकाको विधेयक समितिलाई कार्यविधि र रणनीति तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति दिए अनुसार तयार भएको तपशिल अनुसारका कार्यविधी र रणनीति पारित गर्ने निर्णय गरियो।

तपसिल

क) हरिहरपुरगढी गाउँपालिकाको प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्वन्धी कार्यविधि, २०८२

ख) विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) छनौट तथा व्यवस्थापन कार्यविधि २०८२

ग) हरिहरपुरगढी गाउँपालिकाको भू–उपयोग कार्यविधि, २०८२

७. **प्रस्ताव नं. ७ माथि छलफल गर्दा,** यस गाउँपालिकको आ.व. २०८२/०८३ मा विभिन्न वडाहरुको लागि विनियोजित भएको पाईप तथा मोटर खरिद गर्नको लागि मूल्यमा एक रुपता ल्याउनको लागि गाउँपालिकाबाट निश्चित मापदण्ड तयार गरि विनियोजित योजनाको पाईप तथा मोटरहरु सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम बोलपत्र विधि मार्फत विद्युतिय खरिद प्रक्रिया अवलम्वन गरि खरिद गर्ने निर्णय गरियो।

८. **प्रस्ताव नं. ८ माथि छलफल गर्दा,** हरिहरपुरगढी गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा अध्यनरत छात्राहरुको लागि आ.व.२०८२/०८३ मा विनियोति बजेटबाट मानव स्रोत विकास केन्द्रले तयार पारेको कार्यक्रम कार्यान्वयन कार्यविधिमा तोकेवमोजिम कक्षा ६ देखि १२ सम्मका अध्यनरत छात्राहरुको संख्या एकिन गरि २०८२ पुष महिना देखि २०८३ असार

मसान्तसम्म लाग्ने सो वापतको आवश्यक रकम विद्यालयको खातामा एकमुष्ट निकासा दिने निर्णय गरियो।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा, आ.व. २०८२/०८३ मा विद्यालयमा ईन्टरनेट व्यवस्थापन सम्वन्धी विनियोजित भएको रकम पालिका र ईन्टरनेट कम्पनी सँग आगामी वर्षमा गर्दै आएको सम्झौता लाई निरन्तरता दिदै कार्यान्वयन गर्ने निर्णय गरियो।